समृद्ध, सुन्दर साँफेबर,
बनाऔं राष्ट्रकै नमूना नगर

# साँफेबगर नगरपालिका, अछामको आगामी आ.व.०७६/०७७ को बार्षिक बजेट नीति तथा कार्यक्रम प्रस्तुत मिति २०७६ असार १० गते

**यस साँफेबगर नगरपालीकाको तेस्रो नगर सभा- २०७६ का सभा अध्यक्ष तथा नगर प्रमुख श्री कुल बहादुर कुँवर ज्यू, प्रमुख अतिथि पुर्व उप-प्रधानमन्त्री तथा माननीय प्रतिनिधि सभा सदस्य श्री भिम रावल ज्यु, अतिथि माननीय राष्ट्रिय सभा सदस्य श्री शेर बहादुर कुँवर ज्यू, अतिथि माननीय प्रदेश सभा सदस्य श्री हर्क बहादुर कुँवर (गोविन्द)ज्यू, अतिथि माननीय प्रदेश सभा सदस्य श्री मना साउद ज्यू, अतिथि जिल्ला समन्वय समिति प्रमुख श्री नर बहादुर कुँवर ज्यू र नगर सभासद ज्यूहरु,**

नेपालको संविधान बमोजिम साँफेबगर नगरपालिकाको आगामी आर्थिक बर्ष २०७६/७७ को नीति, कार्यक्रम तथा बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा गर्व महशुस गरेको छु । मुलुकलाई निरङ्कुश सामन्ती शासन प्रणाली बाट जनताका प्रतिनिधी मार्फत राज्यको शासन सञ्चालन गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्र सम्म ल्याईपु-याउने क्रममा आफ्नो प्राणको आहुती गर्नुहुने ती तमाम ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । इतिहासको त्यो संगिन मोडमा आफ्नो पारिवारीक र व्यक्तिगत स्वार्थको रत्तिभर प्रवाह नगरी निरन्तर राष्ट्र र राष्ट्रियता प्रति ओतप्रोत भई सदासर्वदा जनताको बृहत्तर हितका खातिर राष्ट्रहितमा समर्पित भई राष्ट्रको आमूल परिवर्तन गर्ने उद्धेश्यका साथ विभिन्न कालखण्डमा भएका आन्दोलनहरुको नेतृत्व गर्नुहुने ती अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु । साथै समाज परिवर्तनका खातिर उहाँहरुले पु-याउनु भएको योगदानको स्मरण गर्दछु ।

विकासको उच्च सम्भावना बोकेको प्राकृतिक सुन्दरताले भरिपूर्ण ऐतिहासिक र धार्मिक स्थलको रुपमा परिचित कलकल बग्ने बुढीगंगा, पौरखि र न्यायप्रेमी जनताहरु बसोबास रहेको शहरीकरण तर्फ उन्मुख, विविधतायुक्त भूगोल, जनसंख्या, ऐतिहासिक, धार्मिक, प्राकृतिक पर्यटकीय सम्पदाहरुले भरिपूर्ण प्रचुर शहरीकरणको सम्भावना बोकेको नगरपालिका हो । यातायात पूर्वाधारको हिसाबले यस नगरपालिकाको झण्डै मध्यभाग भएर शिलगढी साँफेबगर मंगलसेन राजमार्ग गएको छ भने अर्कोतिर गौरवमय आयोजनाको रुपमा रहेका मध्यपहाडी लोकमार्ग र सेती लोकमार्ग यसै नगरपालिका भएर जानुले पनि यस नगरपालिकाको विकासमा महत्वपूर्ण योगदान पुरयाउने देखिन्छ । साँफेबगर नगरपालिकामा पर्यटकीय क्षेत्रको रुपमा रहेको नेपालकै चारधाम मध्येको एक प्रसिद्ध वैद्यनाथ धाम, खप्तड, जिमराराडी आदि पर्यटकीय स्थलहरुले एकातिर यस नगरपालिकाको सौन्दर्यता झल्काईरहेका छन भने अर्कोतिर यी क्षेत्रहरुमा आन्तरीक तथा बाह्यरुपमा भ्रमण गर्ने पर्यटकहरुको आगमनले नगरवासीको आयआर्जनमा समेत वृद्धि भई आर्थिक विकास हुने सम्भावना रहेको छ । आ.व.०७५/७६ मा नगरपालिकाको पार्श्वचित्र निर्माण गरिनुको साथै पाँच बर्षे आवधिक निर्माण अन्तिम चरणमा रहेको छ । त्यसैगरि विगत १३ बर्ष देखि बन्द अवस्थामा रहेको साँफेबगर विमानस्थल कालो पत्रे भई प्रत्येक हप्ताको आइतबार र विहीबार २ दिन साँफेबगर-नेपालगंज हवाई सेवा सञ्चालनमा रहेको छ । त्यसैगरी नगरपालिकाका विभिन्न बस्ती तथा टोलहरुमा विकराल समस्याको रुपमा रहेको खानेपानी समस्याको समाधानका लागि नगर क्षेत्रका केही टोलहरु कालिमाटी, साँफेहाटबजार, जनकल्याण र ककडसातमा मा डिपबोरिङको माध्यम द्धारा भूमिगत पानीलाई खानेपानीको रुपमा प्रयोग गरी खानेपानीको क्षेत्रमा नयाँ प्रणालीको शुरुवात गरिएको छ ।

**अध्यक्ष महोदय,**

अब म यस साँफेबगर नगरपालिकाको संक्षिप्त परिचय सहित आ.व. २०७५/०७६ मा नगरपालिकाले सम्पन्न गरेका आयोजना तथा कार्यक्रमको संक्षिप्त समिक्षात्मक विवरण तथा आ.व.०७६/७७ मा यस नगरपालिकाले लिएको नीति तथा कार्यक्रम र अनुमानित आय व्ययको संक्षिप्त बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

# खण्ड- १

## १.१ संक्षिप्त परिचयः

नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निर्णय अनुसार साविकका ८ वटा गा.वि.स. हरु बैजनाथ, जाल्पादेवी, सिद्देश्वर, मष्टामाण्डौं, नवाठाना, भागेश्वर, रिडिकोट र चण्डिका समाहित गरी विधिवतरुपमा घोषणा गरिएको यस साँफेबगर नगरपालिका २०७३/११/२७ गते राज्य पुनसंरचना भएसंगै साविकका थप ६ वटा गा.वि.स.हरु बुढाकोट, घुघुरकोट, देविस्थान, खप्तड, बाब्ला र पातलकोट लाई यस नगरपालिकामा समाहित गरी हाल १४ वटा वडामा विभाजित छ । यस नगरपालिकाको क्षेत्रफल १६६.७१ वर्ग कि.मी. र राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको जनसंख्या महिला १८३०४ र पुरुष १५४८४ गरी कुल जनसंख्या ३३७८८ र घरधुरी संख्या ६६९३ रहेको छ भने पछिल्लो समयमा नगर वस्तुगत विवरण २०७४ को घरधुरी सर्वेक्षण अनुसार जनसंख्या महिला १८४६७ र पुरुष १९८७४ गरी कुल जनसंख्या ३८३४१ र घरधुरी संख्या ६६४७ रहेको छ । त्यसैगरी यहाँका प्रमुख पर्यटकीय स्थलहरुमा नेपालकै चार धाम मध्येको एक धामकोरुपमा रहेको प्रसिद्ध वैद्यनाथ धाम, जिमराडी धाम, खप्तड, धवलछडा, कालालेकी, जाल्पादेवी, हाडासैन, विमकोट पर्यटकीय क्षेत्र हुन भने प्रमुख आर्थिक केन्द्रमा समग्र अछाम जिल्लाकै व्यापारिक केन्द्रकोरुपमा रहेको साँफेबगर, बयालपाटा, ठाँटी, तासी बजार, बुढाबगर र श्रीकोट बजार रहेका छन।

नगरपालिकाको शैक्षिक क्षेत्रको अवस्थामा २ वटा क्याम्पस, सामुदायिक विद्यालय जम्मा ७० वटा मध्ये १४ वटा मा.वि. मध्ये ५ वटा प्राविधिक मा.वि. , नि.मा.वि. ३ वटा र ५३ वटा प्राथमिक विद्यालयहरु र संस्थागत विद्यालय जम्मा ७ वटा मध्ये मा.वि. २ नि.मा.वि. १ र प्रा.वि. ४ र सामूदायिक सिकाई केन्द्र ६ वटा रहेको यस नगरपालिकाको साक्षरता प्रतिशत ९४ रहेको छ । त्यसैगरी यस नगरपालिकाको स्वास्थ्य सेवा प्रवाहको अवस्था हेर्दा १३ वटा स्वास्थ्य चौकी, ३८ वटा गाउँघर क्लिनिक, ३९ वटा खोप केन्द्र, १० वटा बर्थिङ सेन्टर, १ वटा शहरी स्वास्थ्य क्लिनिक र सुदूरपश्चिम प्रदेशकै नमूना सामूदायिक अस्पतालको रुपमा रहेको ५० शैया सहितको बयालपाटा अस्पताल मार्फत स्वास्थ्य सेवा प्रवाह भईरहेको छ भने अर्कोतिर ३ वटा पोलिक्लिनिक र ५ वटा मेडिकल सहित निजी क्षेत्रबाट पनि जनतामा स्वास्थ्य सेवा प्रवाह भईरहेको अवस्था छ । यहाँ नगर क्षेत्रमा बसोबास गर्ने बहुसंख्यक जनता कृषि पेशामा संलग्न रहेका छन भने पशुपालन पनि सहायक पेशाकोरुपमा रहेको छ । चारैतिर हरियाली बन र सुन्दर बस्ती भएको साँफेबगर नगरपालिका सुदूरपश्चिम प्रदेशकै विकास र सम्वृद्दिको सम्भावना बोकेको नगरपालिका भित्र पर्दछ । स्रोत र साधनको उचित प्रयोग हुन सकेको खण्डमा अपार जलस्रोतकोरुपमा रहेका बुढीगंगा, कैलाशखोला, आर्दोली गाड, जिजाडी गाड, प्रभाली गाड, छिपेखोला, लुंग्रेली गाड, इक्डी गाड आदिले यस क्षेत्रको कृषि तथा जलविद्युतको विकासमा टेवा पुरयाउने देखिन्छ ।

# साँफेबगर नगरपालिकामा चालु आ.व. ०७५/७६ मा सम्पन्न भएका क्रियाकलापहरु:

## स्वास्थ्य :

१. स्वास्थ्य संस्थाहरूमा सूचना तथा प्रविधि प्रणालीको सुरूवात भएको, पालिका स्तरीय DHIS 2 तालिम सम्पन्न र **Online Reporting** माघ बाट शुरू गरेको,

२. प्रसुति केन्द्रको भवन निर्माण नवाठाना, बुढाकोट र भाग्यश्वर तथा शहरी स्वास्थ्य केन्द्र भवन निर्माण नवाठाना, देविस्थान, घुघुरकोटमा,

३. पोषण मैत्री स्थानीय शासन घोषणा कार्यक्रम भाग्यश्वर र बैजनाथमा अन्तिम चरणमा पुगेको,

४. स्वास्थ्य चौकी मर्मत घेरा पर्खाल तथा चर्पी निर्माण (बुढाकोट, चण्डिका, नवाठाना, खप्तड),

५. स्वास्थ्य तथा सरसफाई कार्यविधि २०७५ पारित,

६. पूर्ण स्वास्थ्य विमित कार्यक्रम सुरूवात भएको र भाग्यश्वर पूर्ण विमित वडा घोषणाको अन्तिम चरणमा,

७. स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरूको अर्धबार्षिक तथा बार्षिक गोष्ठी सम्पन्न गरिएको,

## बहुक्षेत्रीय पोषण :

१. नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक सम्पन्न
२. बार्षिक योजना तर्जुमा बैठक सम्पन्न
३. १६ वटा विद्यालयमा पोषण कर्नरको स्थापना
४. गर्भवती महिलाहरुलाई सरसफाई सम्बन्धी सामग्री वितरण तथा भिडीयो एक्स- रे कार्य सम्पन्न

## सुचना प्रविधि :

१) नेतृत्वको जिम्मेवारी लिएका जनप्रतिनिधिहरुलाई सुचना प्रविधिको महत्वबारे " डिजिटल साक्षरता तालिम" सञ्चालन।

२) आ.व. २०७५-७६ मा पारित निति, निर्णयहरु र बजेटलाई साँफेबगर नगरपालिकाको वेबसाइट www.sanfebagarmun.gov.np र डाटा पोर्टल **sanfebagar.susasan.org** मा अपडेट ।

४) वडा न. ८ चण्डिकामा इन्टरनेट सहितको सामुदायिक सूचना प्रविधि केन्द्रको स्थापना।

५) वडा कार्यसमितिलाई ल्यापटप वितरणका साथै सुचना प्रविधिबारे अभिमुखिकरण।

५) नेपाल दूरसंचार प्राधिकरणले सामुदायिक माध्यमिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापनागर्ने कार्यमा आवश्यक सहयोग। वडा न. ८ को महेन्द्र मा. वि. र वडा न. १० को बेतालमाण्डु मा.वि. छनौट भएका छन।

६) मालिका विकास संघको सहयोगमा विभिन्न क्षेत्रका प्रतिनिधिहरुलाई ३ चरणमा बजेट पारदर्शिता र सुचनाको हकबारे जानकारी गरियो।

७) नगरपालिकको कार्यालयमा डिजिटल सुचना पाटी जडान।

८) स्वास्थ्य सम्बन्धित सम्पूर्ण मासिक प्रतिवेदन **Online Reorting** कार्यको सुरुवात।

९) नगरवासीका हात हातमा साँफेबगर नगरपालिकाको सेवा सुविधा र सूचना पुर्याउनका लागि मोबाईल एपको निर्माण।

१०) नागरिक वडापत्रलाई **E-Citizen Charter** मार्फत अनलाईन गर्ने काम सम्पन्न।**(www.sanfebagar.susasan.org)**

११) गुनासो व्यवस्थापन प्रणालीको उद्घाटन। आफ्ना गुनासाहरु, जानकारी माग र सुझावहरु फोन गरेर राख्न सकिने। सम्बोधन भए, नभएको जानकारी समेत हेर्न सकिने।

१२) कर्मचारीहरुको हाजिरि अनलाईन गरियो। अब कर्मचारीहरुको कार्यालय आएको गएको समय जताबाट पनि हेर्न सकिने। साथै ढिलो आएको, छिटो गएको, बिदामा र काजमा रहेको, अनुपस्थित जस्ता किर्याकलापहरु सजिलै सिस्टमबाट ट्र्याक (track) गर्न सकिने।
१३) वडा न. ११ र १२ का धेरै स्थान (वडा कार्यालय, खप्तड, विद्यालय, स्वास्थ्य चौकी,आदि) को points लिने काम सम्पन्न।

## पशु सेवा :

१.पशुहरुमा फैलिएको महामारी खोरेत रोग नियन्त्रणका लागि १२ वटा वडामा पशु स्वास्थ्य सिविर संचालन गरी २१५० घरधुरीका ११५८० पशुपंक्षीको उपचार ।

२.सहकार्यमा गोठ खोर सुधार कार्यक्रम अन्तर्गत सा.न.पा. ८ चण्डिकामा व्यावसायिक भैसी गोठ सुधार सम्पन्न गरिएको छ ।

३.व्यावसायिक बाख्रापालन गर्ने कृषकलाई ६ वटा उन्नत बोयर बोका वितरण कार्यक्रम सुचना मार्फत निवेदन संकलन गरी छनौट प्रकृयामा रहेको छ ।

४. बहुक्षेत्रिय पोषण योजना अन्तर्गत सुनौलो हजार दिनका आमालाई ८ हप्ते कुखरा चल्ला वितरण सम्पन्न गरियो ।

५. पशु आहारा कार्यक्रम अन्तर्गत उन्नत जातको घासको विउ वितरण गरियो ।

६. पशु विमा सम्वन्धी नगरपालिका स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

७. नगर अपांग संजाल द्धारा अपांगहरुलाई बाख्रा वितरण ।

# कृषि

**१**.एक घर एक करेशाबारी अभियान कार्यत्क्रम अन्तर्गत ३५०० घर परिवारलाई बर्षे तथा हिउदे तरकारी उन्नत सिडकिट वितरण
२.उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम अन्तर्गत २० क्विन्टल आलु , १० क्विन्टल गहुँ र १४.८ क्विन्टल धानको मुल तथा उन्नत बिउ २७५ जनालाई वितरण
३.जैविक बिविधता संरक्षण कार्यक्रम अन्तर्गत विभिन्न वडाका ५०० जना कृषकलाई ५०० बोटल च्याउको बिउ वितरण।
४. १ र ५ नं. वडामा कृषकहरुको प्रत्यक्ष सहभागीतामा आई.पि.एम.कृषक पाठशाला सचालन गरीएको छ ।
५ .मौषमि तथा बेमौषमि तरकारी खेती प्रबद्धन कार्यक्रम अन्तर्गत बिभिन्न वडामा ६ वटा नयाँ सिचाई कुलो तथा पोखरी निर्माण

६.बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत यस नगरका १४ वटै वडाहरुका सुनौला १००० दिने आमाहरु र किशोरीहरुलाई (**3000** जना) पोषण तथा तरकारीको महत्व सम्बन्धि स्थलगत तालिमका साथै बर्षे तरकारीका मिनिकिटहरु बितरण गरीयो ।

७.बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत बिभिन्न वडाका सुनौला १००० दिने आमाहरुलाई मुख्य मुख्य ठाँउमा प्लाष्टिक घरमा तरकारी नर्सरी प्रदर्शन तथा बितरण कार्यक्रमका लागी ७ जनालाई प्लाष्टिक सिट सहित आवश्यक सामाग्रीहरु बितरण

८.बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत वडा नं.१ र ६ लाई पोषण मैत्रि वडा घोषणा कार्यक्रमलाई सहयोग पुरयाउन दुबै वडाका ४५४ घरधुरीलाई पोषण तथा तरकारीको महत्व सम्बन्धि स्थलगत तालीमका साथै बर्षे तरकारी बालीका मिनिकिट बितरण गरीयो ।

९.पोष्टहार्भेष्ट क्षेति न्यूनिकरणका लागी १४ वटै वडाका लागी मेटलबिन खरीद।

१०. जारीमखोला आई.पि.एम. कृषक पाठशाला लाई प्रोतसाहन स्वरुप हातेट्रक्टर खरिद ।

११.सरोकार वालाहरु संग कृषि,पशु बिमा सम्बन्धि अभिमुखिकरण गोष्ठि सम्पन्न ।

१२.असिना पानिबाट क्षेति पु-याएका ६ वटा वडाहरुमा ३८३ क्विन्टल गहुँ वितरण ।

१३.कृषि जन्य उपजहरुको बजारीकरमा सहज गर्नाका लागी कृषिहट बजार संचालन ।

# शिक्षा

- **सुर्यचन्द्र नमुना माध्यमिक विद्यालय ,प्रभाधम्कोट मा.वि.,कालिका मा.वि.,जनकल्याण मा.वि , घुघुरकोट मा.वि.  लगायतविद्यालयको  भौतिक संरचना निर्माण तथा मर्मत भएको ।**
- **३बर्षे डिप्लोमा सिभिल इन्जीनियरीङकार्यक्रम  जनकल्याण मा.वि साफेमा, १८महिने असिस्टेन्ट सब इन्जीनियरीङकार्यक्रम  महेन्द्र मा.वि बयालपाटामा, १८महिन पशु विज्ञान कार्यक्रम बेतालमाण्डौ मा.वि .घुघुरकोटमास्थापना भएको**
- **पुर्णसाक्षर नगर पालिका घोषणाको लागि सरोकारवालाको बीच अभिमुखीकरण र साक्षर निरक्षर तथ्यांक संकलन भएको**
- **विद्यालयकोअनुगमनकोआधारमा शिक्षक विद्यार्थी अनुपातको आधारमा अनुदान प्रदान गरेको।**
- **विभिन्न विद्यालयमा अभिभावक भेला गरी विद्यालयको प्रगति समीक्षा सम्पन्न भएको।**
- **बहुक्षेत्रीय पोषण कार्यक्रममा किशोरी प्रजनन् स्वास्थ्य सेनेटरी प्याड निर्माण कार्यशाला ,बालशिक्षाकेन्द्रको पोषण लेखाजोखा पोषण कर्नर निर्माण भएको ।**
- **शैक्षिक सुधारको लागि विद्यालय अनुगमन सुचांक तयारी गरी केही विद्यालय अनुगमन गरेको।**
- **नगर शिक्षा समितिको बैठक द्वारा पालिकास्तरीय कक्षा  ८ परीक्षा सन्चालन लगायत शैक्षिक सुधारका विभिन्न निर्णय गरिएको।**
- **नगरपालिकास्तरीय खेलकुद गरेको जिल्लास्तरीय र प्रदेशस्तरीय खेलकुदमा प्रतिनिधित्व गरेको**

## सामाजिक सुरक्षा

**यस नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता पाउने सबै लाभग्राहीहरुलाई प्रथम र दोस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता रकम निम्नानुसार वितरण गरिएको छ ।**

**प्रथम चौमासिक किस्ताः**

| भत्ताको किसिम | जेष्ठ नागरिक अन्य | जेष्ठ नागरिक दलित | एकल महिला | विधवा महिला | पूर्ण अपाङ्ग | आंशिक अपाङ्ग | दलित बालबालिका | अन्य बालबालिका | जे.ना. औषधी उपचार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | १२५८ | १२२९ | १०८२ | ३३० | २९ | १०१ | १९१८ | ३०७६ | २२५९ | ९०२३ |
| रकम | ५०१२००० | ४९१००० | ४३०७०० | १३२०००० | २३२००० | २४२४०० | २९८४००० | ४८२६००० | ९००१००० | ३२८३४४०० |

**दोस्रो चौमासिक किस्ताः**

| भत्ताको किसिम | जेष्ठ नागरिक अन्य | जेष्ठ नागरिक दलित | एकल महिला | विधवा महिला | पूर्ण अपाङ्ग | आंशिक अपाङ्ग | दलित बालबालिका | अन्य बालबालिका | जे.ना. औषधी उपचार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | १२२३ | १२०९ | १०६६ | ३२८ | २८ | १०० | १८९६ | ३१४८ | २२३२ | ८९९८ |
| रकम | ४८७४००० | ४८२८००० | ४२६४००० | १३०९००० | २२४००० | २४०००० | २९२४४०० | ४८९२४०० | ८९०६००० | ३२४६१८०० |

**तेस्रो चौमासिक किस्ता रकम वितरण गर्ने प्रक्रियामा रहेको छ ।**

## महिला, बालबालिका तथा लक्षित वर्ग

| क्र.सं. | सम्पन्न कार्यक्रमहरू |
|---|---|
| १ | व्यूटी पार्लर तालिम |
| २ | महिला आत्म रक्षा सम्बन्धितालिम |
| ३ | छाउपडी कुप्रथा विरुद्ध अन्तरक्रिया कार्यक्रम (वडा नं. ११ देविस्थान छाउपडी गोठमुक्त घोषणा र वडा नं. १० घुघुरकोट र वडा नं. १३ बाब्लाका केही टोलहरूछाउपडी गोठमुक्त घोषणा) |
| ४ | महिला लक्षित बेकरी तालिम |
| ५ | मेटलका चुरामा स्टोन भर्ने ५ दिने तालिम |
| ६ | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान |
| ७ | १०९औं अन्तराष्ट्रिय महिला दिवस |
| ८ | तिज कार्यक्रम |
| १० | अचार बनाउने तालिम |
| ११ | आलु चिप्स तालिम |
| १२ | सिलाई कटाइ तथा होजियारी तालिम |

## प्रधानमन्त्री रोजगार कार्यक्रम :

- यस नगरपालिकाका १४ वटै वडामा कामका लागि पारिश्रमिकमा आधारित ५८ लाख लागतको २७ वटा सामुदायिक आयोजनाहरु सञ्चालनमा रही २६२ जना सूचीकृत बेरोजगार व्यक्तिहरुलाई ३० दिनको रोजगारी सिर्जना गरी निर्माण कार्य भईरहेको ।

## विद्युत तथा उर्जा

१. वडा नं. ०९ बुढाकोटलाई विद्युत प्रशारण लाइनमा जोडिएको छ

२. खसड लघु जल विद्युत आयोजना सम्पन्न भई विद्युत उत्पादन कार्य भैरहेको

३. विभिन्न वडाको टोल स्तरमा विद्युत लाईन प्रसारण भएको

## विकास निर्माण आयोजना

१। नगरपालिकाको कुल पूँजिगत बजेट मध्ये १४ वटा वडाका लागि विनियोजित रकम रु. ४ करोड ८२ लाख अन्तर्गतका करिब ९५% योजनाहरुको निर्माण कार्य सम्पन्न भएको छ ।

२। नगर स्तरीय विकास निर्माण आयोजनाका लागि विनियोजित रकम रु. ८ करोड ५१ लाख मध्ये हालसम्म करिब ७०% योजनाका कामहरु सम्पन्न भएको र बाँकी योजनाका कामहरु निर्माणाधीन अवस्थामा रहेका ।

## सडक निर्माण

**१। यस नगरपालिकाको वडा नं. १४ नगर सडक सञ्जालमा जोडिएको र वडा नं. १२ खप्तडमा सडक जोडिने गरी काम भईरहेको ।**

## संघ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमः

**स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत प्रतिनिधी सभा सदस्य माननीय सांसद श्री भीम रावलज्यूद्धारा हस्तान्तरित रु. १ करोड ३० लाख बजेट बाट संचालित ७ वटा योजना मध्ये ४ वटा सम्पन्न र ३ वटा निर्माणाधीन ।**

## प्रदेश स्थानीय पूर्वाधार विकास सांझेदारी कार्यक्रम:

प्रदेश स्थानीय पूर्वाधार विकास सांझेदारी कार्यक्रम अन्तर्गत प्रदेश सभा सदस्य माननीय श्री हर्क बहादुर कुँवर (गोबिन्द) ज्यु द्वारा नगर क्षेत्रमा विभिन्न योजनाहरु कार्यन्वयनमा रहेको ।

## सुदुरपश्चिम प्रदेश सरकारका योजनाहरु :

१। सुदूरपश्चिम प्रदेश सरकारको विशेष अनुदानबाट प्राप्त रकम रु.७५ लाख बजेट बाट ३ वटा योजना निर्माणाधीन अवस्थामा रहेका ।

२। सुदूरपश्चिम प्रदेश सरकार अन्तर्गत विभिन्न डिभिजन कार्यालयहरु बाट यस नगरपालिकामा धेरै आयोजनाहरु सञ्चालनमा भैरहेका ।

## नयाँ शहर आयोजना :

नयाँ शहर आयोजना कार्यालय अन्तर्गत यस नगरपालिका क्षेत्रका देउछाल देखि नौलाकोट सडक, पर्यटन बोर्ड भवन देखी जिमराडी धाम सम्म सडक, चिनेपीपल देखी भागेश्वर सम्म सडक निर्माणका साथै एकीकृत बस्ती विकास अन्तर्गत केही संरचनाहरु निर्माण, श्रीकोट गोरेटो बाटो निर्माण, बुढीगंगा नदीको वारिपारी दुई ठाउँमा शवदाह गृह निर्माण जस्ता विभिन्न विकास निर्माण कार्यहरु सञ्चालन भई सम्पन्न हुने क्रममा रहेका छन ।

पर्यटन विकास

.

क) यस नगरपालिकामा रहेका १२ वटा पर्यटकीय स्थलहरुको संयुक्त ब्रोसर प्रकाशन

ख) खप्तड, बैद्यनाथ धाम, जिमराडी धाम, नाइनी को छुट्टा छुट्टै ब्रोसर प्रकाशन

ख) साँफेबगर नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको प्रारम्भिक अध्ययन सम्पन्न ।

ग) पर्यटक सेवा केन्द्र भवन निर्माण उनैसैन खप्तड ।
घ) उनैसैन-गणेश पाटन (खप्तड) पर्यटकीय पैदल मार्ग निर्माण ।
ङ ) कालिका मन्दिर धर्मशाला निर्माण देवीस्थान ।
च) जिमराडी धाममा यात्रु प्रतिक्षालय निर्माणाधीन ।
छ) पर्यटन गेटहरु निर्माणाधीन ।
ज) विभिन्न ठाउँहरुमा मन्दिर निर्माण ।
झ) वैद्यनाथ गुठी सम्बन्धी पुस्तक प्रकाशन ।

कपाल देखी कम्प्युटर तालिम :

१. मोबाइल मर्मत तालिम
२. इलेक्ट्रिकल तालिम
३. विभिन्न ४ वटा विधामा ६७ जना युवालाई ३ महिने सीप विकास तालिममा काठमाण्डौंमा पठाएको ।

## नगर अनुगमन तथा सुपरिवेक्षण समिति:

हालसम्म ६८ वटा योजनाहरुको अनुगमन,मूल्याङ्कन तथा सुपरिवेक्षण गरी सोको प्रगति प्रतिवेदन नगरपालिकामा पेश गरेको ।

## न्यायिक समिति:

| क्र.सं. | दर्ता मिति | उजुरीको किसिम | छलफल भएको मिति | मेलमिलापको माध्यम बाट निरुपण | ठेगाना |
|---|---|---|---|---|---|
| १ | २०७५/०४/३१ | घरेलु हिंसा | स्थानीय प्रशासनलाई जानकारी गराई नियन्त्रणमा लिन लगाईएको | स्थानीय प्रशासनमा छलफल गरी सहमती भई मेलमिलाप गराईएको | सा.न.पा. ४ अछाम |
| २ | २०७५/०७/१३ | श्रीमान र श्रीमती बीचको सम्बन्ध कायम गरी पाऊँ | २०७५/०८/१६ २०७५/०८/२२ २०७५/११/०५ | २९ महिना सम्म श्रीमान र श्रीमती अलग अलग बस्दै आएका र छलफलको माध्यम बाट मेलमिलाप गराई संगै बस्ने सहमती भएको | सा.न.पा. ७, अछाम |
| ३ | २०७५/०८/०९ | रकम असुल उपर गराई पाऊँ | मजदुरहरु र ठेकदार बीच कुनै सम्पर्क हुन नसक्ने अवस्थामा समन्वय गराई लेनदृन बारे सचेत गराइएको | मजदुर र ठेकदार बीच लेनदेन बारे सहमती भई मेलमिलाप भएको | साँफेबगर नगर मजदुर युनियन |
| ४ | २०७५/०९/०८ | आर्थिक लेनदेनमा छलफल गरी पाऊँ | २०७५/०९/१३ | प्रक्रियामा रहेको | सा.न.पा. १० अछाम |

| | | | | | |
|---|---|---|---|---|---|
| **५** | **२०७५/०९/१९** | **बहुविबाह** | **सिफारिस गरी जिल्ला पठाईएको** | **सिफारिस गरी जिल्ला पठाईएको** | **सा.न.पा. १२ अछाम** |
| **६** | **२०७५/११/१७** | **कुटपिट तथा गालीगलौज** | **२०७५/११/१८** | **एक आपसमा दुवै पक्षलाई बोलाई सहमति सहकार्य गराई मेलमिलाप भएको** | **सा.न.पा. ८ अछाम** |

## न्याय हेल्थ नेपाल- बयालपाटा अस्पताल:

१। ८७४८६ जना विरामीलाई बहिरङ्ग सेवा प्रदान गरेको
२। ३४३० जना विरामीलाई अन्तरङ्ग सेवा प्रदान गरेको
३। ७४८७ जना विरामीलाई आकस्मिक सेवा प्रदान गरेको
४। ५०७ जना विरामीको जटिल प्रकारका शल्यक्रियाहरु गरेको
५। ६८८० जना विरामीको सामन्य प्रकारको शल्यक्रियाहरु गरेको
६। ६६० जनालाई सुरक्षित गर्भपतन सेवा उपलब्ध गराएको ।

# आ.व. २०७६।७७ को नीति तथा कार्यक्रमहरू

## स्वास्थ्य

१. प्रसुति केन्द्र संचालन नभएका स्वास्थ्य संस्थाहरूमा प्रसुति केन्द्र स्थापना गर्ने (नवाठाना, चण्डिका र मष्टामाण्डौमा),

२. स्वास्थ्य संस्थाहरूमा सूचना तथा प्रविधि प्रणालीको विस्तार DHIS 2 तालिम सबै स्वास्थ्य संस्थाहरूमा लागु गर्ने

३. सबै स्वास्थ्य संस्थाहरूमा विधुतिय हाजीरीको ब्यबस्था गर्ने,

४. तीन वर्षभित्र सबै वडाहरूलाई पोषणमैत्री स्थानीय शासन वडा घोषणा गर्ने,

५. आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिने,

६. पूर्ण विमित स्वास्थ्य कार्यक्रम सबै वडाहरूमा प्रभावकारी रूपले लागु गर्ने पर्ने,

७. स्वस्थ विध्यार्थी अभियान संचालन गर्ने,

८. "नगर प्रमुख संग अभिभावक कार्यक्रम" संचालन गर्ने,

९. खानपीन र स्वस्थ ब्यबहारका लागि सुनौला हजार दिनका आमालाई मातृ सुरक्षा दिन "गर्भवतीलाई उप प्रमुखको कोसेली कार्यक्रम" संचालन गर्ने,

१०. स्वास्थ्य क्षेत्रमा कार्यरत विकास साझेदार सँघ संस्थाहरू संग समन्वय तथा सहकार्यलाई निरन्तरता दिने,

क. स्थानीय जनतालाई जडिबुटी परिचयात्मक कार्यक्रम, बिद्यालय आयुर्बेद तथा योग शिक्षा कार्यक्रम संचालन,

ख. बुढाकोट र देबिस्थानमा आयुर्बेद शहरी स्वास्थ्य क्लिनिक संचालन गरिने छ ।

**बहु क्षेत्रीय पोषण :**

- **नगरपालिका स्तरीय पोषण पार्श्व चित्र( Nutrition Profile) तयार गरिने छ ।**

**पशु सेवा :**

**१. दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउन पशु पालन ब्यबसाय संचालन गर्न यूवा जनशक्तिलाई प्रोत्साहन गरीने छ ।**

**२. घाँसका नर्सरी स्थापना गर्ने र हिउदे, वर्षे, र बहु वर्षे घाँसका विउँ उत्पादनमा कृषक हरुलाई प्रोत्साहन गरीने छ ।**

**३. कृषकको ज्ञान , शिप र क्षमता अभिवृद्धि गर्न विभिन्न किसमका तालिम, गोष्ठी,सेमिनार, र अन्तर जिल्ला भ्रमणको आयोजना गरिनेछ,**

**४. पशु विमा कार्यक्रमलाई निरन्तरता दिदै पशु विमाको लागी पशुपालक कृषकलाई प्रोत्साहन गरीने छ ।**

**५ एक गाउ एक प्राविधिको व्यवस्था गरिने छ ।**

**६. पशुक्षेत्रमा प्रवाह गरिने सेवालाई प्रभावकारी रुपमा पशुपालक कृषकहरुमा पुर्‍याउन पशु ल्याव को स्थापना गरिने छ ।**

**सुचना प्रविधि :**

१) सुचना प्रविधिको क्षेत्रमा नगरका कर्मचारीलाई आवश्यक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२) इन्टरनेट नपुगेका वडा कार्यालयमा आ.व. २०७६–७७ भित्र इन्टरनेट जडान गरि कार्यालयको सेवा प्रवाहमा सहयोग गरिने छ।

३) नमुना प्रविधिमैत्री विद्यालयमा छनौट गरि विदयालयलाई आवश्यक प्राविधिक सामाग्री, सफ्टवेयर र तालीमको व्यवस्था गरिने छ।

४) डाटा गुणस्तर र समयमै लाभग्राहीलाई सेवा दिने उदेश्यले कम्तिमा ८ वटा वडामा सामाजिक सुरक्षा इन्ट्री वडाबाटै गर्ने व्यवस्था गरिने छ।

५) साँफेबगरका पर्यटकीय स्थलको प्रवर्धनका लागि "भिजिट साँफे वेभ पोर्टल" को निर्माण गरिने छ।यसमा नगरका सुन्दर पर्यटकीय स्थलको महत्व, इतिहास र फोटो राखिनेछ।

६) दर्ता चलानीलाई व्यवस्थित गर्न दर्ता चलानी व्यवस्थापन प्रणालीको प्रयोग गरिने छ।

७) केहि विद्यालयमा ई–हाजिरिका साथै **CCTV** जडान र **ICT tools** उपलब्ध गरि अनुशासित बनाउने प्रयास गरिने छ।

८) वडा न. ३ साँफेहाटबजार र वडा न. ४ एरपोर्ट बजारलाई **WIFI free zone** बनाउनुका साथै उक्त स्थानमा सुरक्षालाई मध्यनजर गरि **cctv** जडान गरिने छ।

०९) वडा र नगरबाट हुने सिफारिसहरुमा एकरुपता ल्याउन प्रणाली प्रयोग गरि **database** प्रयोग गरिने छ।

## कृषि विकास :

१.एक घर एक करेशाबारी कार्यक्रमलाई निरन्तर्ता दिईनेछ।

२.कृतिक तथा अन्य कारणले गर्दा कृषिजन्य उत्पादनमा हुने क्षतीको जोखिमलाई कम गर्न प्रत्येक वडामा कृषि बिमा सम्बन्धि जनचेतना मुलक कार्यक्रम संचालन गरीनेछ।

३.कृषि प्राबिधिक सेवामा कृषकको पहुँच पु–याउन एक गाँउ एक प्राबिधिक कर्मचारीको व्यवस्था गरीनेछ।

४. माटो परिक्षण शिविर संचालन गरीनेछ।

५. कृषक पाठशाला संचालनलाई निरन्तरता दिईनेछ।

६. कृषकहरुको आम्दानीमा बृद्धि गर्न हाईब्रिड बिउ बितरण तथा बेमौषमि तरकारी उत्पादनका लागी थोपा सिचाई सहितका प्लाष्टिक घर निर्माण गरीनेछ।

## महिला, बालबालिका तथा लक्षित वर्ग :

**१. सामाजिक परिवर्तनका लागि बस्ती उज्यालो कार्यक्रम संचालन ल्याइने छ ।**

**२. सामाजिक,आर्थिक र राजनितिक रुपले पछि परेका विपन्न, दलित तथा एकल महिलाहरुलाई क्षमता विकासका लागि तालिमहरुको आयोजना गरिने छ ।**

**३. समाजमा व्याप्त कुरीतिहरु जस्तैः छाउपडि प्रथा,बालविवाह,छुवाछुत जस्ता कुप्रथाहरुको अन्त्यका लागी अभियानहरु संचालन गरिने छ ।**

**४. महिला संस्था(महिला बहुउद्येश्यिय सहकारी संस्था) लाई सुदृढ गर्नका लागी संस्थाका पदाधिकारीहरुलाई लेखा व्यवस्थापन तालिमको आयोजना गरिने छ ।**

**५. बालबालिकाहरुको हक,अधिकार संरक्षण, सम्वर्द्धन र बालविवाह न्युनिकरणका लागि बालक्लब गठन र क्षमता विकास तालिमहरुको आयोजना गरिने छ ।**

**६. भौतिक संरचना निर्माण गर्दा अपाङगमैत्री बनाउने तथा अनाथ व्यक्तिहरुको लागी सहयोग तथा सशक्तिकरण गर्ने नीति लिईनेछ ।**

**७. समाजमा रहेका एच. आइ.भी. संक्रमित, एकल महिला र पुरुषहरुका लागि जिवीकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ ।**

# शिक्षा

१. शैक्षिक संस्थाको भौतिक सुविधा विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. आइ.सि.टी.सामग्री र आइ.सि.टी क्षमता विकाश तालिमको व्यवस्था गरिने छ ।

३. पुर्णसाक्षर नगर पालिका घोषणा गरिनेछ।

४. विद्यालय जनशक्ति व्यवस्थापन दरबन्दी मिलान, तह घटबढ, विद्यालय (गाभ्ने) सम्बनधि कार्यहरु सबै सरोकारवालाहरुको सहकार्यमा कार्यान्वयन गरिनेछ ।

५. सामुदायिक विद्यालयका शिक्षकलाई मागमा आधारित तालिम प्रदान गरिनेछ।

६. अभिभावक शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७. शिक्षण सिकाइ उपलब्धिको समीक्षा गर्न मासिकरुपमा प्र .अ. बैठक सञ्चालन गरिनेछ।

८. शैक्षिक मेला सञ्चालन गरिने छ ।

१०. खेलकुद विकाश कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११. शैक्षिक सुधारको लागि विद्यालय अनुगमन गरी सुचांकका आधारमा सहयोग गरिनेछ।

१२. कार्यविधि अनुसार शैक्षिक छात्रवृति र सहयोग गरिने छ ।

## सामाजिक सुरक्षा :

१. सामाजिक सुरक्षा भत्ता पाउने १४ वटै वडाका लाभग्राहीहरुको विवरण सहितको अभिलेख अद्यावधिक गर्दै अभिलेख व्यवस्थापन कार्यलाई चुस्त दुरुस्त बनाउने नीति अवलम्वन गरिनेछ।
२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुको नाम नामेसी यस नगरपालिकाको वेभ साइटमा राखी सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
३. यस नगरपालिकाका सबै वडाहरुमा प्रत्येक चौमासिकमा कम्तिमा १ पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा केन्द्रित रही सार्वजनिक सुनुवाईको आयोजना गरिनेछ ।

## संगठन विकास तथा सुशासन :

१. प्रशासनलाई प्रभावकारी वनाउन कर्मचारीलाई बदलिदो परिस्थिति अनुसारको सिप, ज्ञान र क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका तालिमको आयोजना गरिनेछ ।

२ . सिमित जनशक्तिको भरमा कार्यालय सञ्चालन गरिरहनु परेको वर्तमान अवस्थामा कर्मचारीको कार्यबोझलाई दृष्टिगत गरी कर्मचारी पदपूर्ती नहुँदा कर्मचारीको अभावले काम कारवाही प्रभावित भईरहेकोले अतिरिक्त समयमा काममा खटाउनुपर्दा उनीहरुको मनोवल उच्च बनाउन थप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

३ . सर्वोत्कृष्ट कार्य गर्ने १ जना कर्मचारीलाई रु.५० हजार र उत्कृष्ट कार्य गर्ने २ जना कर्मचारीहरुलाई जनही २५ हजारका दरले पुरस्कार दिइनेछ।

**४.सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परिक्षणलाई अनिवार्यरुपमा अवलम्बन गरी सुशासन र पारदर्शिता प्रवर्द्धनमा जोड दिइने छ।**

**५. नगरपालिकाको आन्तरिक श्रोतबाट सेवा सुबिधा लीईरहेका करारका कर्मचारीको तलब भत्ता मासिक रु. १०००/- (एक हजार ) थप गरि प्रदान गरिने**

**६. वडाको राजश्व क्षमता तथा कार्य सम्पादनको आधारमा त्यहाँ कार्यरत कर्मचारीको सेवा सुविधा थप गर्न सकिने**

**७. नगरपालिकाको करारको कर्मचारीले पहिले देखि पाउदै आएको पोशाक भत्ता रु. १० हजार लाई निरन्तरता दिईनेछ**

## आर्थिक प्रशासन तथा राजश्व परिचालन :

**१. सफ्टवेयरमा आधारित लेखाप्रणाली संचालनमा ल्याइने छ।**

**२. नगरक्षेत्रका उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिइने छ।**

## वन वातावरण तथा भुसंरक्षण:

- नगर क्षेत्रभित्र रहेको वनलाई संरक्षण गर्ने कार्यमा आवश्यक पहल गर्नुका साथै नगर क्षेत्रमा सडकको दाँया बाँया वृक्षारोपण गरि हरीयाली कायम गरिनेछ।
- पहिरो नियन्त्रण र भू-संरक्षणका लागि वृक्षारोपण कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गरिनेछ।
- पानीको मुहान संरक्षणका लागि रिचार्ज पोखरी र दहहरु निर्माण गरिनेछ।

## खेलकूद :

- खेलकुद विकासका लागि खेलकुद सामाग्री, खेलमैदान, तथा खेलकुद पुर्वाधार विकास तथा निर्माणको कार्यलाई प्राथामिकता दिइनेछ।

### पर्यटन संस्कृति :

क) परम्परागत चाडपर्व, कला संस्कृतीको विकास, संरक्षण र संबद्धन गरि आन्तरिक पर्यटन प्रवर्द्धनमा बढावा दिइनेछ।

ख) धार्मिक, ऐतिहासिक, तथा पुरातात्वीक संपदाहरुको पहिचान भएको यस नगरपालिकाको वडा नं. ०२ जाल्पादेवीको श्रीकोट क्षेत्रको संरक्षण गरिनुका साथै उक्त क्षेत्रमा पुरातत्वसँग सम्बन्धित संरचना निर्माणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

ग) यस नगरपालिकाको आगामी कार्ययोजना पर्यटन नीति/गुरु योजनाको निर्माण गर्नमा केन्द्रित हुनेगरी आवश्यक व्यवस्था मिलाइनेछ।

घ) पर्यटकीय सम्भाव्य क्षेत्रको प्रचार प्रसारका कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

ङ) पर्यटन विकासको लागि सरकारी तथा गैरसरकारी निकायसँग नगरपालिकाले समन्वय गर्ने नीति अवलम्वन गरिनेछ ।

च)। नगरभित्र पर्यटन पूर्वाधार (खानेपानी, विश्राम गृह, संकेत बोर्ड, पैदल मार्गको स्तरोन्नती) को विकासलाई प्राथमिकतामा राखी सोही मुताविक कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।।

झ) पर्यटकीय गन्तव्यहरुमा स्थानीयवासीलाई कुक, गाइड, अतिथि सत्कार जस्ता तालिमहरु प्रदान गरी स्थानीय रोजगारी सिर्जना गर्ने नीति लिइनेछ ।

## खानेपानी तथा सरसफाई :

**१। नगर क्षेत्र भित्र स्वच्छ र सुलभ रुपमा खानेपानीको आपुर्तीको व्यवस्था गरिनेछ र फोहरमैलाको उचित व्यवस्थापन गर्ने नीति लिईनेछ ।**

**२। नगर क्षेत्र भित्रको फोहरमैला व्यवस्थापन गर्न डम्पिङ साईटको अघि बढेकोले अस्थायी डम्पिङ साइटको निर्माण गरिनेछ ।**

**३। खानेपानीको अभाव महशुस भएका बस्तीहरुमा उपलब्धताको आधारमा मूल सुधार, पानी ट्यांकर तथा डिप बोरिङग प्रविधि मार्फत खानेपानी आपूर्तीको व्यवस्था मिलाइनेछ ।**

## विद्युत तथा उर्जा :

**विद्युत नपुगेका वडाहरुमा विद्युत पुरयाउन प्राथमिकता दिईनेछ ।**

## सीप विकास :

कपाल देखि कम्प्युटर सम्म सीप विकास तालिम कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिईनेछ ।

# खण्ड -४

## साँफेबगर नगरपालिकाको आ.व. २०७५/७६ को राजश्व प्राप्तिको यथार्थ स्थिति र आ.व २०७६/७७ को प्रस्तावित आय व्यय

## १) आ.व २०७५/७६ को हाल सम्मको राजश्व प्राप्तिको यथार्थ स्थिति :

साँफेबगर नगरपालिका
**नगरकार्यपालिकाको कार्यालय**
साँफेबगर , अछाम
सुदुरपश्चिम प्रदेश, नेपाल

**(आ.व २०७५/७६ को हाल सम्मको राजश्व प्राप्तिको यथार्थ विवरण)**

| क्र.सं | राजश्व शिर्षक नं | राजश्व शिर्षक | संकलित रकम | रकम रु . अक्षरमा |
|---|---|---|---|---|
| १ | ११३१३ | एकीकृत सम्पति कर | ८०४६५७.७५ | आठ लाख चार हजार छ सय सन्ताउन्न पैसा पचहत्तर |
| २ | ११३१४ | भूमिकर / मालपोत | १३४०६३.१ | एक लाख चौतिस हजार त्रिसठ्ठी पैसा दस |
| ३ | ११३२१ | घर बहाल कर | २४४८८२.०४ | दुई लाख चौवालिस हजार आठ सय बयासी पैसा चार |
| ४ | ११६१३ | व्यावशाय रजिस्ट्रेशन दस्तुर | ४२७६९५ | चार लाख सत्ताईस हजार छ सय पन्चानब्बे |
| ५ | १४१५१ | सरकारी सम्पति बहालबाट प्राप्त आय | ५२००३५ | पाच लाख बिस हजार पैतिस |
| ६ | १४२२१ | न्यायिक दस्तुर | १०० | एक सय |
| ७ | १४२२४ | परिक्षा शुल्क | ४१६०० | एकचालीस हजार छ सय |
| ८ | १४२४२ | नक्सा पास दस्तुर | २७१९०४.६१ | दुई लाख एकहत्तर हजार नौ सय चार पैसा एकसठ्ठी |
| ९ | १४२४३ | सिफारिश दस्तुर | ४८६६४२ | चार लाख छयासी हजार छ सय बयालीस |
| १० | १४२४४ | व्यक्तिगत घटना दस्तुर | १६९२१५ | एक लाख उनान्सत्तरी हजार दूई सय पन्ध्र |
| ११ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३३२५५ | त्रेतिस हजार दुइ सय पचपन्न |
| १२ | १४२४९ | अन्य दस्तुर | २३५३०९५ | तेईस लाख त्रिपन्न हजार पन्चानब्बे |
| जम्मा राजश्व संकलन | | | ५४८७१४४.५ | चवन्न लाख सतासी हजार एक सय चौवालिस पैसा पचास |
| महालक्ष्मी विकास बैंक लिमिटेडबाट प्राप्त ब्याज | | | १२४२७०६.४७ | बाह्र लाख बयालीस हजार सात सय छ पैसा सतचालिस |
| सांग्रिला डेभलेपमेंट बैंकवाट प्राप्त ब्याज | | | ९७२६५७.६९ | नौ लाख बहत्तर हजार छ सय सन्ताउन्न पैसा उनान्सत्तरी |
| मेगा बैंक नेपाल लिमिटेडबाट प्राप्त ब्याज | | | १५४६०००. | पन्ध्र लाख छयालीस हजार |
| जम्मा बैंक ब्याज | | | ३७६१३६४.१६ | सैतिस हजार एकसठ्ठी हजार तिन सय चौसठ्ठी पैसा सोह्र |
| कुल आन्तरिक आय | | | ९२४८५०८.६ | बयानब्बे लाख अठ्चालीस हजार पांच सय |

| | ६ | आठ पैसा छैसठ्ठी |
|---|---|---|

पुनश्च: आ.व २०७५/७६ मा रु ७३३४०३०/- प्रस्तावित भएकोमा हाल सम्म को राजश्व प्राप्ति रु. ९२४८५०८.६६ भएकोले राजश्व प्राप्तिमा १२६.१०% प्रगति भएको देखिन्छ /

## २- आ.व २०७५/७६ को लागि प्रस्तावित आय व्यय :

क)-

साँफेबगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

साँफेबगर, अछाम

सुदुरपश्चिम प्रदेश, नेपाल

**श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितीबाट २०७६/७७ को प्रस्तावित बजेट सिमा निर्धारण (रु हजारमा )**

| **आर्थिक बर्ष २०७६/७७ को लागी कूल बजेट** | ७९६२५९।०० |
|---|---|
| गत बर्षको नगद मौज्दात | ०।०० |
| आन्तरिक राजश्व आम्दानि | ८२००।०० |
| केन्द्र सरकार सशर्त अनुदान | ३१३५००।०० |
| केन्द्र सरकार वित्तीय समानीकरण अनुदान | ११५५००।०० |
| प्रदेश सरकार वित्तीय समानीकरण अनुदान | ७०६५।०० |
| केन्द्र सरकार राजश्व बाडफाड | ९८८००।०० |
| प्रदेश सरकार राजश्व बाडफाड | ३१९४।०० |
| सामाजिक सुरक्षा | १५००००।०० |
| अन्य श्रोतबाट | १०००००।०० |
| **जम्मा** | ७९६२५९।०० |

ख)-

साँफेबगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

साँफेबगर, अछाम

सुदुरपश्चिम प्रदेश, नेपाल

**श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितीबाट २०७६/७७ को प्रस्तावित बजेटको खर्च सिमा निर्धारण (रु हजारमा )**

| **आर्थिक बर्ष २०७६/७७ को लागी कूल बजेट** | ७९६२५९।०० |
|---|---|
| नगरपालिकाको चालु खर्च | ८००००।०० |
| केन्द्र सरकारको सशर्त अनुदान | ३१३५००।०० |
| सामाजिक सुरक्षा | १५००००।०० |
| जम्मा चालु खर्च-क) | ५४३५००।०० |
| नगरपालिकाको पुँजीगत खर्च | १७९४५९।०० |
| वडागत पुँजीगत खर्च | ६३३००।०० |
| बिषयगत शाखाको पुँजीगत खर्च | १००००।०० |
| जम्मा पुँजीगत खर्च -ख) | २५२७५९।०० |
| **जम्मा चालु र पुँजीगत** | ७९६२५९।०० |

पुनश्च: आम्दानि बाँधिएको रकमलाई नगर सभाको निर्णयानुसार कार्यन्वयन गर्न बाधा पर्ने छैन

ग)-

साँफेबगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

साँफेबगर , अछाम

सुदुरपश्चिम प्रदेश, नेपाल

**बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्रस्तावित**

**अ.व.२०७६/७७ को व्याय अनुमान**

अनुसूची -३
रु. हजारमा

| चालु खर्च | | आ.व.२०७६/७७ को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | अन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| खर्च शिर्षक नं | खर्चको शिर्षक नाम | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| २११११ | कर्मचारी पारिश्रमिक | ११५००.००० | ० | ११५००.००० | ० | ० | ० | ० |
| २१११२ | पदाधिकारी पारिश्रमिक | ९८००.००० | ० | ९८००.००० | ० | ० | ० | ० |
| २११२१ | कर्मचारी पोशाक | ५७०.००० | ० | ५७०.००० | ० | ० | ० | ० |
| २११३१ | स्थानीय भत्ता | ३१००.००० | ० | ३१००.००० | ० | ० | ० | ० |
| २११३२ | महंगी भत्ता | १३६८.००० | ० | १३६८.००० | ० | ० | ० | ० |
| २११३३ | फिल्ड भत्ता | ३००.००० | ० | ३००.००० | ० | ० | ० | ० |
| २११३४ | कर्मचारी बैठक भत्ता | ४००.००० | ० | ४००.००० | ० | ० | ० | ० |
| २११३९ | कर्मचारी अन्य भत्ता | ३००.००० | ० | ३००.००० | ० | ० | ० | ० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | १९००.००० | ० | १९००.००० | ० | ० | ० | ० |
| २११४२ | पदाधिकारी अन्य सुविधा | ६००.००० | ० | ६००.००० | ० | ० | ० | ० |
| २१२१४ | कर्मचारी कल्याण कोष | ५००.००० | ० | ५००.००० | ० | ० | ० | ० |
| २२१११ | पानि तथा बिजुली | १०००.००० | ० | १०००.००० | ० | ० | ० | ० |
| २२११२ | संचार महशुल | ८००.००० | ० | ८००.००० | ० | ० | ० | ० |
| २२२१ | ईन्धन (पदाधिकारी ) | ३००.००० | ० | ३००.००० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २२२१२ | ईन्धन (कार्यालय प्रयोजन तथा विकास निर्माण) | ३०००.००० | ० | ३०००.००० | ० | ० | ० | ० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १५००.००० | ० | १५००.००० | ० | ० | ० | ० |
| २२२१४ | बिमा तथा नबिकरण खर्च | ५००.००० | ० | ५००.००० | ० | ० | ० | ० |
| २२२२१ | मेशिनरी तथा औजार औजार मर्मत सम्भार | ३००.००० | ० | ३००.००० | ० | ० | ० | ० |
| २२३११ | मसलन्द तथा कार्यालय सामान्ग्री | १५००.००० | ० | १५००.००० | ० | ० | ० | ० |
| २२१३४ | ईन्धन अन्य प्रयोजन | ३००.००० | ० | ३००.००० | ० | ० | ० | ० |
| २२१३५ | पत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | ८००.००० | ० | ८००.००० | ० | ० | ० | ० |
| २२१३९ | अन्य कार्यालय संचालन खर्च | २०००.००० | ० | २०००.००० | ० | ० | ० | ० |
| २२४११ | सेवा तथा परामर्श खर्च | १०००.००० | ० | १०००.००० | ० | ० | ० | ० |
| २२४१२ | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ८००.००० | ० | ८००.००० | ० | ० | ० | ० |
| २२४१९ | अन्य सेवा शुल्क | ७८००.००० | ७८००. | ०.००० | ० | ० | ० | ० |
| २२५११ | कर्मचारी तालिम खर्च | ४३२.००० | ० | ४३२.००० | ० | ० | ० | ० |
| २२५१२ | सिप बिकास तथा जनचेतना तालिम तथा गोष्टि सम्बन्धि खर्च (कपाल देखि कम्प्युटर तालिम ) | १००००.००० | ० | १००००.००० | ० | ० | ० | ० |
| २२५२२ | कार्यक्रम खर्च | १०००.००० | ० | १०००.००० | ० | ० | ० | ० |
| २२६११ | अनुगमन मुल्याकन खर्च | १३००.००० | ० | १३००.००० | ० | ० | ० | ० |
| २२६१२ | भर्मन खर्च | १०००.००० | ० | १०००.००० | ० | ० | ० | ० |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भर्मन खर्च | ५००.००० | ० | ५००.००० | ० | ० | ० | ० |
| २२७११ | बिबिध खर्च | १२३०.००० | ० | १२३०.००० | ० | ० | ० | ० |
| २२७२१ | नगर सभा संचालन खर्च | १५००.००० | ० | १५००.००० | ० | ० | ० | ० |
| २५३११ | शैक्षिक संस्था संचालन अनुदान | ४०००.००० | ० | ४०००.००० | | | | |
| २५३१२ | शैक्षिक छात्रवृति र सहयोग | १०००.००० | ० | १०००.००० | ० | ० | ० | ० |
| २८१४२ | घर भाडा | ८००.००० | ० | ८००.००० | ० | ० | ० | ० |
| २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | ४००.००० | ० | ४००.००० | ० | ० | ० | ० |
| २८१४ | अन्य भाडा - ढुवानी | ४००.००० | ० | ४००.००० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | | | | | | | | |
| | नगर प्रहरी संचालन तथा व्यावस्थापन | १३००.०० | | १३००.०० | | | | |
| | विपद व्यावस्थापन कोष | २०००.००० | ० | २०००.००० | ० | ० | ० | ० |
| | अति विपन्न आर्थिक सहायता कोष | १२०००.००० | ० | १२०००.००० | ० | ० | ० | ० |
| | जम्मा | ८००००.००० | ७८००.००० | ७२२००.००० | ० | ० | ० | ० |
| | शशर्त चालु अनुदान | ३१३५००.००० | ० | ३१३५००.००० | ० | ० | ० | ० |
| | सामाजिक सुरक्षा | १५००००.००० | ० | १५००००.००० | ० | ० | ० | ० |
| | **कुल जम्मा चालु खर्च(क)** | ५४३५००.००० | ७८००.००० | ५३५७००.००० | ०.००० | ०.० | ०.० | ०.० |
| **पुँजीगत खर्च** | | | | | | | | |
| | **फर्निचर तथा फिक्चर्स** | २००० | ० | १८०० | २०० | ० | ० | ० |
| | **स्काभेटर खरिद** | १२००० | ० | १२००० | ० | ० | ० | ० |
| | **मेसिनरी औजार** | १५०० | ४००.००० | ८०० | ३०० | ० | ० | ० |
| | **खेलकुद विकास खर्च** | ३००० | ० | ३००० | ० | | | |
| | **भैपरी आउने पुँजीगत खर्च** | १०१०००.०० | ० | ९६००० | ५००० | ० | ० | ० |
| | **सार्बजनिक बिकास निर्माण(नगर स्तरीय बिकास बजेट)** | **५९९५९** | **०** | ५५२०० | **४७५९** | **०** | **०** | **०** |
| | १. समपूरक कोष | ३००० | ० | ३००० | ० | ० | ० | ० |
| | २. नगर स्तरीय एफ.एम संचालन तथा व्यावस्थापन | १००० | ० | ७०० | ३०० | ० | ० | ० |
| | ३. सडक पूर्वाधारविकास ( निर्माण तथा मर्मत ) | ५३०० | ० | ५३०० | ० | ० | ० | ० |
| | ४. जल विद्युत - निर्माण तथा लाइन प्रसारण | २००० | ० | २००० | ० | ० | ० | ० |
| | ५. विपद व्यावस्थापन - तटबन्धन निर्माण | २००० | ० | १५०० | ५०० | ० | ० | ० |
| | ६. खानेपानी पूर्वाधार विकास | १०००० | ० | ९००० | १००० | ० | ० | ० |
| | ७.. झुलुंगेपूल मर्मत | ५०० | ० | ५०० | ० | ० | ० | ० |
| | ८. लैंगिक समानता र सामाजिक समाबेसिकरण | १००० | ० | ७०० | ३०० | ० | ० | ० |
| | ९. हेली प्याड निर्माण | २१०० | ० | २१०० | ० | | | |
| | १०.सुदुर लक्षित प्राविधिक शिक्षालय भवन निर्माण | ३००० | ० | ३००० | ० | | | |
| | ११. क्याम्पस भवन निर्माण | ३००० | ० | ३००० | ० | | | |
| | १२.पर्यटन प्रबर्द्दन | ५५०० | ० | ४५०० | १००० | ० | ० | ० |
| | १४.सामाजिक परिवर्तनका लागी उज्यालो बस्ति कार्यक्रम | ७००० | ० | ५५४१ | १४५९ | ० | ० | ० |
| | १६.वडा सूचांकमा आधारित अनुदान | ५००० | ० | ५००० | ० | ० | ० | ० |
| | १७.बयलपाटा अस्पताल बिकास अनुदान | २००० | ० | २००० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १८.सहकारी ब्याबस्थापन र तालिम | ५०० | ० | ५०० | ० | ० | ० | ० |
| | १९.डी.पी.आर निर्माण | ५०५९ | ० | ५०५९ | ० | ० | ० | ० |
| | २०.अस्थायी डम्पिंग साईड निर्माण | १००० | ० | १००० | ० | ० | ० | ० |
| | २१. पार्क निर्माण | १००० | ० | १००० | ० | ० | ० | ० |
| | **नगरस्तरीय जम्मा पुँजीगत खर्च (A)** | १७९४५९ | ४०० | १६८८०० | १०२५९ | ० | ० | ० |
| | **बिषयगत कार्यालयको सामाजिक बिकास खर्च (B )** | १०००० | ० | १०००० | ० | ० | ० | ० |
| | **वडा कार्यालयको(पुँजीगत) बिकास बजेट (C)** | ६३३००.००० | ० | ६३३००.००० | ० | ० | ० | ० |
| | **कुल पुँजीगत खर्च (ख)= A+B+C** | २५२७५९.००० | ४००.००० | २४२१००.००० | १०२५९.००० | ०.० | ०.० | ०.० |
| | **जम्मा विनियोजित खर्च(क+ख)** | ७९६२५९.००० | ८२००.००० | ७७७८००.००० | १०२५९.००० | ०.० | ०.० | ०.० |

पुनश्च: उल्लेखित खर्च बाहेकको खर्च शिर्षकहरु समाबेश गरि कार्यान्वयन गर्न बाधा पर्ने छैन

**अध्यक्ष महोदय,**

**अन्त्यमा, नीति कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागी यस सभामा उपस्थित प्रमुख अतिथि, अतिथि ज्युहरु र नगर सभासद ज्यूहरुको सल्लाह तथा सुझावको अपेक्षा गरेको छु । प्रस्तुत, नीति कार्यक्रम र बजेट तर्जुमा गर्ने क्रममा विभिन्नि सात वटा चरणहरु पार गरी नीति कार्यक्रम र बजेट तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरी सहयोग पुर्याउनुहुने राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति र विषयगत समितिका पदाधिकारी एवं सम्बद्ध सम्पूर्ण कर्मचारी सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत नीति कार्यक्रम तथा बजेटले यस नगरपाकिाको सन्तुलित विकासमा फलदायी हुने कुरामा विश्वस्त भई यसको सफल कार्यान्वयनमा यहाँहरुको निरन्तर रचनात्मक सहयोग, प्रेरणा, सल्लाह, र सुझावको अपेक्षा गर्दछु ।**

**धन्यवाद ।**

**बिर्मला देवी बुडथापा**
नगर उप-प्रमुख
**साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**
**साँफेबगर, अछाम**

दिनांक २०७६ साल आषाढ १० गते मंगलबार